म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ५४ शनिबार, ११ असोज २०८२ ने. सं. ११४५ कौलाथ्व 27 September 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**हात धोऔं, रोगको सङ्क्रमणबाट बचौं ।**

- सधैं साबुन र पानीले हात धोऔं,
- खाना खानु अघि र पछि हात सफा राखौं,
- शौचालय प्रयोग गरेपछि अनिवार्य हात धुने गरौं,
- खोक्दा, फोहोर वस्तु समातेपछि हात सफा गरौं,
- रोग लाग्नबाट बच्न हातधुने अभ्यासलाई आत्मसाथ गरौं,
- बालबालिकालाई हातधुन सिकाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### एमसिए-नेपालद्वारा ३१५ किलोमिटर विद्युत् प्रसारण लाइन निर्माणका सम्झौता

# नेपाली कम्पनी छनोट, उर्जा ब्यापारको ढोका खुल्दै

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) ले एमसीसी नेपाल कम्प्याक्टको विद्युत् प्रसारण आयोजनाअन्तर्गत निर्माण गरिने विद्युत् प्रसारण लाइनको ११७ किमि खण्डको निर्माण सम्झौता गरेको छ । यो सम्झौतासँगै एमसीसी नेपाल कम्प्याक्टअन्तर्गत निर्माण गर्न लागिएको ३१५ किमि विद्युत् प्रसारण लाइन निर्माणसम्बन्धी सम्पूर्ण सम्झौता सम्पन्न भएको हो ।

आशिश-बोज्लर संयुक्त उपक्रमले काठमाडौंमा निर्माणाधीन लप्सिफेदी सबस्टेशनबाट नुवाकोटमा निर्माणाधीन रातमाटे सबस्टेशन हुँदै मकवानपुरमा निर्माणाधीन नयाँ हेटौंडा सबस्टेशनसम्मको ११७ किमि प्रसारण लाइन निर्माण गर्नेछ । अन्तरर्राष्ट्रिय प्रतिस्पर्धात्मक खरिद प्रक्रियाबाट एमसिए-नेपालले प्रदान गरेको ठेक्का करिब ७६६ दशमलब ५० लाख अमेरिकी डलरको रहेको छ । यस सम्झौताअन्तर्गत ४०० केभी प्रसारण लाइनको डिजाइन, स्थापना, परीक्षण तथा सञ्चालन लगायत काम गरिनेछ ।

एमसिए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्ट र आशिश-बोज्लर संयुक्त उपक्रमका प्रतिनिधि निर्माण गौलीले शुक्रबार एक समारोहबीच एमसीसी र एमसिए-नेपालका पदाधिकारीको समुपस्थितिमा ठेक्का सम्झौतामा हस्ताक्षर गरेका हुन् । हस्ताक्षर कार्यक्रममा एमसीसीका आवासीय




राष्ट्रिय निर्देशक डायन एल. फ्रान्सिस्कोले भने, 'यस सम्झौतामा भएको हस्ताक्षरले नेपाल कम्प्याक्ट कार्यान्वयनमा भइरहेको उल्लेख्य प्रगतिको प्रतिनिधित्व गर्छ । यो उपलब्धि यस महत्वपूर्ण प्रसारण लाइनको सफलतापूर्ण निर्माण तथा नेपाली जनताको भावी विकास एवं समृद्धिका लागि एमसिए-नेपालको गहन प्रतिबद्धता तथा लगनशीलताको परिणाम हो ।'

एमसिए-नेपालका कार्यकारी निर्देशक विष्टले भने, 'आज आशिश-बोज्लर संयुक्त उपक्रमसँग यो सम्झौतामा हस्ताक्षर गरेर एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयनका सन्दर्भमा एमसिए-नेपालले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । विद्युत् प्रसारण आयोजनाअन्तर्गत विद्युत् प्रसारण लाइनका सबै खण्डको निर्माणसम्बन्धी सम्झौता सम्पन्न हुनु महत्वपूर्ण उपलब्धि हो ।' एमसिए-नेपालले नुवाकोटमा निर्माणाधीन रातमाटे सबस्टेशनदेखि तनहुँमा निर्माणाधीन नयाँ दमौली सबस्टेशन सम्मको, यो सबस्टेशनदेखि नवल परासी-बर्दघाट सुस्ता पश्चिम) जिल्लामा निर्माणाधीन नयाँ बुटवल सबस्टेशनसम्मको र त्यहाँदेखि नेपाल-भारत सीमासम्म गरी १९८ किमि विद्युत् प्रसारण लाइन निर्माणका लागि सम्झौता यसअघि नै गरिसकेको छ ।

यसका अतिरिक्त रातमाटे सबस्टेशन, नयाँ दमौली सबस्टेशन र नयाँ बुटवल सबस्टेशन निर्माणसम्बन्धी सम्झौता पनि भइसकेको छ । एमसीसी नेपाल कम्प्याक्ट निजीक्षेत्रबाट लगानी अभिवृद्धिका लागि सकारात्मक वातावरण सिर्जना गर्दै नेपालको दीर्घकालीन आर्थिक विकासका लागि प्रदान गरिएको ऐतिहासिक सहायता हो । विद्युत् प्रसारण आयोजना र सडक मर्मत आयोजना कार्यान्वयन गरी महत्वपूर्ण पूर्वाधार सुदृढीकरण, सीमापार ऊर्जा व्यापार अभिवृद्धि र नेपालको यातायात सञ्जालमा सुधार गरेर अन्तरआवद्धता विस्तार गर्दै आर्थिक वृद्धिमा टेवा पुर्‍याउने उद्देश्य एमसीसी नेपाल कम्प्याक्टले लिएको छ ।

अमेरिकी सरकारबाट पछिल्लो समयमा वैदेशिक सहायता समीक्षा सम्पन्न भएपछि दुवै सरकारको साझा प्रतिबद्धताका साथ मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी) नेपाल कम्प्याक्ट पुन: सक्रिय भएको हो । यो उपलब्धिले नेपालमा सञ्चालन भइरहेका रुपान्तरणकारी पूर्वाधार निर्माण सम्बन्धी साझेदारीमध्ये एक एमसिसी नेपाल कम्प्याक्टको सफल कार्यान्वयनप्रति दुवै सरकारको प्रतिबद्धताको पुष्टि गरेको छ । मिलेनियम च्यालेञ्ज कर्पोरेसन आर्थिक वृद्धिमार्फत विश्वव्यापी गरिबी घटाउन काम गर्ने स्वतन्त्र अमेरिकी सरकारी निकाय हो । सन् २००४ मा स्थापना गरिएको एमसिसीले सुशासन, भ्रष्टाचार नियन्त्रण, लोकतान्त्रिक अधिकारप्रति सम्मानलगायत महत्वपूर्ण मापदण्ड पालना गर्ने राष्ट्रलाई समयसीमायुक्त अनुदान र सहायता प्रदान गर्दछ ।

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) नेपाल सरकारले एमसिसी नेपाल कम्प्याक्टअन्तर्गतका आयोजनाहरु कार्यान्वयनका लागि वि.स.२०७५ वैशाखमा विकास समिति ऐन, २०१३ अन्तर्गत गठन गरिएको सरकारी स्वामित्वको मान्यताप्राप्त निकाय हो ।

# जेनजी पुस्तालाई नेकपाको नेतृत्वमा गोलबन्दभइ अघि बढ्न आव्हान

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ नेपाल कम्युनिस्ट पार्टी हेटौंडा उपमहानगरपालिकाद्वारा आयोजित अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा जेनजी बिद्रोह, राजनीतिक परिस्थिति र अबको निकास के हो भन्ने विषयमा गहन छलफल भएको छ । नेकपाको आन्दोलनले मात्र जेनजी आन्दोलनको मर्म समेट्न सक्ने र सार्थक बनाउन सक्ने हुँदा आम जेनजी पुस्तालाई नेकपाको नेतृत्वमा गोलबन्द भइ अघि बढ्न नेकपा हेटौंडाले आव्हान गरेको छ । जेनजी बिद्रोहपश्चात् देशमा उत्पन्न संकट समाधानका विकल्प केके हुन् र यसको निकास कसरी दिन सक्छ भन्ने विषयलाई मध्यनजर गर्दै नेकपा हेटौंडा उपमहानगर समितिले आयोजना गरेको अन्तरक्रियाको प्रमुखअतिथि नेकपाका केन्द्रीय सदस्य तथा अखिल (समाजवादी) का केन्द्रीय अध्यक्ष नरेन्द्र सी रहेका छन् ।



कार्यक्रममा आफ्नो धारणा प्रस्तुत गर्दै नरेन्द्रले मेचीदेखि महाकालीसम्म जेनजीको आन्दोलनमा नेकपाले पूर्ण समर्थन गर्दै आन्दोलित भएको बताएका छन् । जेनजी पुस्ताले चाहेको परिवर्तन नेकपाले लिएको एकीकृत जनक्रान्ती मार्फत नेपाली विषेशताको समाजवादले मात्र पूरा गर्न सक्ने उनले बताएका छन् । यसकारण सम्पूर्ण नेपाली जेनजी तथा ननजेनजी पुस्ताले पश्चगमनतिर होइन, यथास्थितिवादमा फसेर नेपाल र नेपालीको उज्ज्वल भविष्यका लागि नेपाली विषेशताको समाजवादमा जाने जमर्को गर्नुपर्ने बताए ।

कार्यक्रममा नेकपा माओवादी केन्द्र मकवानपुरका जिल्ला सचिव वीरबहादुर घलान (ज्वाला) ले आफ्नो बिचार प्रस्तुत गर्दै मुख्यत जेनजी उमेर समूहका पुस्ताले १० वर्षे जनयुद्धमार्फत संघर्ष गरेर स्थापना गरेको गणतन्त्रलाई भरपुर प्रयोग गर्दै समाजवादतर्फ उन्मुख हुनु नै अबको देश निर्माणको निकास हो भनेका छन् । त्यस्तै नेकपा एकीकृत समाजवादी मकवानपुरका उपाध्यक्ष ध्रुव भुजेलले आफ्नो मत व्यक्त गर्दै जेनजी आन्दोलनले उत्पन्न गरेको राष्ट्रिय परिस्थितिलाई निकास दिलाउन अब सबै कम्युनिस्ट पार्टीहरु एकढिक्का भएर देश निर्माणमा लाग्नुपर्ने बताएका छन् ।

कार्यक्रममा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल मकवानपुरका संयोजक सद्दाम हुसेन, नेकपा बहुमत मकवानपुरका सल्लाहकार प्रेम तितुङ, बौद्धिक मन्च मकवानपुरका अध्यक्ष डा. विमल केशरी, अधिवक्ता केशव गौतम, नागरिक सरोकार मन्च मकवानपुरका संयोजक उमेश गुणी, नेकपा मालेका संयोजक हरिकृष्ण अधिकारीलगायतले टीकाटिप्पणी सहित सल्लाहसुझाव प्रस्तुत गरेका थिए । कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य तथा मकवानपुरका इन्चार्ज राम सी र जिल्ला सेक्रेटरी पेमा सी, सागर घताने लगायतको आतिथ्यता रहेको थियो ।

# हेटौंडामा अनलाइन बालसंरक्षण छलफल



साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ सिविन बाल हेल्पलाइन मकवानपुरले हेटौंडामा अनलाइन बालसंरक्षण सम्बन्धी छलफल गरेको छ ।

कार्यक्रममा अनलाइन बालयौनशोषण, साइबर अपराध र बालबालिकामा यसको नकारात्मक प्रभावबारे छलफलमा गरिएको थियो । कार्यक्रममा शिक्षक, इन्टरनेट सेवा प्रदायक कम्पनीका प्रतिनिधि र अन्य सरोकारवालाको उपस्थिति रहेको थियो । कार्यक्रममा सिविन नेपालका प्रबन्धक माधव लोहनीले अनलाइन बालसंरक्षणसम्बन्धी प्रस्तुति राखेका थिए । उनले अनलाइन बालयौन शोषणका स्वरुप, कानुनी प्रावधान, समुदाय र स्थानीय तहको भूमिका तथा बालबालिकामाथि बढ्दो साइवर अपराधका तथ्यांक प्रस्तुत गरेका थिए ।

अनलाइन बालयौनशोषणमा अश्लील सामग्रीको आदानप्रदान, सामाजिक सञ्जालमार्फत् अनैतिक सम्बन्ध स्थापना, यौनजन्य सन्देश र तस्बिरको दुरुप्रयोग, यौन फिरौतीको माग, प्रत्यक्ष अनलाइन दुर्व्यवहार रहेका छन् । विशेष गरी बालबालिकालाई लक्षित गरी कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोग गरेर गरिने दुर्व्यवहारको बढ्नु चिन्ताको विषय बनेको उनको भनाई थियो । अनलाइन खेलहरुको अत्यधिक लत, अश्लील र हिंसात्मक सामग्रीमा सहज पहुँच तथा त्यसको बालबालिकाको मानसिक स्वास्थ्यमा पर्ने नकारात्मक प्रभावमाथि पनि छलफल गरिएको थियो ।

तथ्यांकअनुसार साइबर ब्युरोमा दर्ता भएका बालबालिका सम्बन्धी उजुरीको संख्या वर्षेनी बढ्दो क्रममा रहेको देखिएको छ । आर्थिक वर्ष २०७५/७६ मा १० उजुरी दर्ता भएको थियोभने २०८०/८१ सम्म आइपुग्दा २ सय ५३ बालक र २ सय ९६ बालिकाले उजुरी दर्ता गराएका छन् । चालू आर्थिक वर्षको असोज ४ गतेसम्म एक सय ८ बालक र एक सय १२ बालिकाले साइबर अपराधसम्बन्धी उजुरी दर्ता गराएको बताइएको छ । सिविन नेपाल मकवानपुरका प्रबन्धक झबिन्द्र ज्ञवालीले हेटौंडामा नै विशेषज्ञ चिकित्सकमार्फत गम्भीर मानसिक समस्याबाट पीडित बालबालिकाको उपचार भइरहेको जानकारी गराए ।

# क्यान्टिनबाट राजश्व संकलनको सेवा सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ जेनजी प्रदर्शनका क्रममा आगजनीबाट पूर्णरुपमा क्षतिग्रस्त भएको हेटौंडा स्थित आन्तरिक राजस्व कार्यालयले वैकल्पिक व्यवस्था गरी सेवा सञ्चालनमा ल्याएको छ ।

कार्यालयप्रमुख युक्तप्रसाद सुवेदीका अनुसार, कार्यालयको क्यान्टिनमा टेबुल-कुर्सीको व्यवस्था गरी गत बुधबारबाट राजस्व संकलन सेवा सुरु गरिएको हो । कार्यालय भवन नै क्षतिग्रस्त भएपछि कुनै न कुनै माध्यमबाट सेवा दिनैपर्ने बाध्यतामा रहेकाले क्यान्टिनलाई सफा गरी राजस्व संकलन कार्य सुरु गरिएको प्रमुख सुवेदीले बताए । अन्य प्रशासनिक सेवा कसरी सञ्चालन गर्ने भन्ने विषयमा नयाँ भवनको खोजीकार्य भइरहेको उनले बताए ।

भदौ २४ गते भएको प्रदर्शनका क्रममा कार्यालयमा रहेका दुईवटा गाडी, दुईवटा मोटरसाइकल, करिब १५ करोड बराबरका स्टिकर, कम्प्युटर, प्रिन्टर, डिजिटल डिस्प्ले, कुर्सी, दराज, टेबल लगायत सम्पूर्ण सामान जलेर नष्ट भएको प्रमुख सुवेदीले जानकारी दिए । हाल क्षति विवरण संकलनको कार्य जारी रहेकाले कति मूल्यको क्षति भएको छ भन्ने यकिन तथ्यांक आउन बाँकी छ । यद्यपि, कार्यालयले न्यूनतम सेवाबाट भएपनि काम सुरु गरेर सेवाग्राहीलाई राहत पुर्‍याउने प्रयास थालेको छ ।



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेबसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google

## विज्ञान/प्रविधि

# चिनियाँ वैज्ञानिकले बनाए अन्तरिक्षमा कपडा धुने वासिङ मेसिन



अन्तरीक्षयात्रीहरुले अन्तरिक्षमा रहँदा विभिन्न नयाँ कुराहरुमा बानी पार्नुपर्छ । उनीहरुले अन्तरिक्षमा आफ्ना फोहोर कपडा धुन पाउँदैनन् । त्यसैले उनीहरुले अन्तरिक्षमा बसुन्जेल नधोईएका कपडा लगाउनुपर्ने बाध्यता थियो । तर अब चाहीँ वैज्ञानिकहरुले यस्तो समस्याको समाधान खोजेका छन् ।

वैज्ञानिकहरुका अनुसार उनीहरुले अन्तरिक्षमा कपडा धुनका लागि एउटा नयाँ आविष्कार गरेका छन् । त्यो हो डिटर्जेन्ट नै नचाहिने वासिङ मेसिन । यो वासिङ मेसिनले पानीको प्रयोग नगरिकनै वाफयुक्त तुवाँलो र ओजोनको मद्दतले कपडा सफा गर्दछ ।

चिनियाँ अन्तरिक्षयात्री अनुसन्धान एवम् प्रशिक्षण केन्द्रका अनुसार यो वासिङ मेसिन एउटा क्यूब आकारको र एउटा ह्याण्डक्यारी सुटकेस भन्दा केहीमात्र ठूलो छ । यसको वजन करीब १२ केजी छ ।

केन्द्रका वैज्ञानिकहरुका अनुसार उक्त मेसिनले ८ सय ग्राम वजनसम्मका कपडा धुनका लागि एक पटकमा केवल ४ सय मिलिलिटर मात्रै पानीको उपयोग गर्दछ । तर त्यो पानी पनि तरल रुपमा हुनेछैन ।

सो पानी अल्ट्रासोनिक एटमाइजेसनको माध्यमबाट एउटा अति सुक्ष्म वाफयुक्त तुवाँलो दिइन्छ । आम वासिङ मेसिनमा प्रयोग हुने डिटर्जेन्टको साटो यस मेसिनले ओजोन उत्पन्न गर्नका लागि परावैजनी प्रकाशको प्रयोग गर्दछ जुन एक शक्तिशाली किटाणुनाशक हो । यसरी धोईएका कपडाहरु पाँच पटकसम्म लगाउँदा पनि त्यसमा कुनै किटाणु बस्न सक्दैनन् ।

**अन्तरिक्षमा पानीको अभाव र सदुपयोग**

अन्तरिक्ष स्टेशनमा पानी सबैभन्दा मूल्यवान तथा दुर्लभ श्रोत हो । चीनको तियाङगोंग स्पेस स्टेशनमा पनि अवस्था त्यहीं हो । स्पेस स्टेशनमा अन्तरिक्षयात्रीले प्रयोग गर्ने हरेक थोपा थोपा पानी पुन:प्रयोग गरिन्छ। त्यसैले कपडा धुनका लागि पानी उपलब्ध हुने कुरै भएन ।


अन्तरिक्षयात्रीहरुलाई अन्तरिक्षमा उपलबध गर्नेमध्ये अधिकांस पानी अत्याधुनिक पुन:चक्रण प्रणालीबाट प्राप्त हुन्छ । यसले स्वास, पसिना, पिसाब र नुहाएका पानी समेत जम्मा गरेर शुद्धिकरण गर्दछ । त्यसरी रिसाइकल गरिएको पानीलाई अन्तरिक्षयात्रीहरुले पिउन र सरीरको सरसफाईंमा प्रयोग गर्दछन् ।

पृथ्वीबाट अन्तरिक्षमा पानी आपूर्ति गर्न निकै महंगो पर्ने भएकाले पानीका हरेक थोपा थोपाको शुद्धिरकण र उपयोग गरिन्छ । हुनत अन्तरिक्ष स्टेशनमा धुलो तथा फोहोर हुँदैन । तर दैनिक व्यायामका क्रममा निस्कने पसिनाले सरीर तथा कपडा फोहोर बन्दछ ।

हालसम्म अन्तरक्षियात्रीहरुले पसिनाले आफ्ना कपडा दुर्गन्धित बन्न थालेपछि त्यसलाई कार्गो अन्तरिक्षयानबाट पृथ्वीमा पठाउने गरेका छन् र त्यसरी पठाईका कपडाहरु पृथ्वीको वायुमण्डलमा प्रवेश गरेसँगै जल्दछन् ।

## जीवनशैली / स्वास्थ्य

# इन्टिमेट हुनुअघि आफूलाई र पार्टनरलाई सोध्नुहोस् यी ६ प्रश्न, पछुतो हुनेछैन



फिल्मलगायतमा इन्टिमेसीलाई जसरी देखाएपनि साधारण जीवनमा कसैसँग इन्टिमेट हुनुको अर्थ कसैसँग शारीरिक रुपमा मात्रै नभई यतिबेला व्यक्ति मानसिक र भावनात्मक रुपमा पनि ती व्यक्तिसँग जोडिनु हो । इन्टिमेट हुनु कुनै पनि व्यक्तिका लागि निकै ठूलो कदम हो । यस्तोमा तपाईं कोसँग इन्टिमेट हुँदै हुनुहुन्छ, केही प्रश्न आफैंसँग र पार्टनरलाई सोध्नुहोस् । आउनुहोस्, यसबारे जानकारी लिऔँ ।

**के यो सही समय हो ?**

जब तपाईं कोहीसँग इन्टिमेट हुनुहुन्ट भने तपाईं भावनात्मक रुपमा पनि ती व्यक्तिको नजिक हुन थाल्नुहुन्छ । यदि तपाईं कसैलाई नजिक हुन चाहनुहुन्नँ भने इन्टिमेट हुनबाट पनि जोगिनुहोस् । कसैसँग इन्टिमेट हुनुअघि आफू अगाडिका व्यक्तिलाई बुझ्न निकै आवश्यक छ । धेरैपटक मानिसहरु अगाडिका व्यक्तिलाई राम्रोसँग नचिनिकनै इन्टिमेट हुने गर्छन् जसका कारण पछि गएर ठूलो समस्या निम्तिन सक्छ । थुप्रै पटक यौन सम्बन्ध बनाएपछि आफू अगाडिका व्यक्ति असाध्यै नजिक हुँदा पनि तपाईंलाई समस्या हुनसक्छ ।

**के यी व्यक्ति मेरो रूचीका व्यक्ति हुन् ?**

कसैसँग इन्टिमेट हुनु अघि ती व्यक्ति तपाईंका लागि सही छन् त भनेर आफैंलाई प्रश्न सोध्नुहोस् । कतिपटक महिला पुरुषको आवरण हेरेर नै इन्टिमेट हुने निर्णय गर्छन् तर हेर्दा निकै आकर्षक देखिने पुरुषका त्यस्ता बानी पनि हुनसक्लान् जसले तपाईंलाई भविष्यमा ठूलो समस्या खडा गरिदिन सक्छन् । ती व्यक्तिले भोलि गएर तपाईंमाथि दुर्व्यवहार गर्न सक्लान् वा अरु प्रति असंवेदनशील हुन सक्लान्, असाध्यै रिसाहा हुनसक्लान् वा जँड्याहा पनि हुन सक्लान् ।

इन्टिमेट हुँदा केही समयका लागि तपाईंले राम्रो महसुस गर्न सक्नुहोला तर यस्ता व्यक्तिसँग इन्टिमेट हुनु भनेको फुर्सदमा पछुताउनु जस्तै हो । त्यसैले भोलि गएर पछुताउन चाहनुहुन्नँ भने यी व्यक्ति मेरा लागि सही छन् त भनेर आफैंसँग प्रश्न सोध्न नबिर्सिनुहोस् ।

कसैसँग इन्टिमेट हुनुअघि, यस्तो गर्नु तपाईंको नैतिकता र भ्यालुको अनुकूल छ कि छैन भनेर पनि आफूलाई प्रश्न गर्नुपर्छ । यसका साथै, तपाईंको पार्टनर अरु कोहीसँग त सम्बन्धमा छैनन् भन्ने पनि बुझ्नुपर्छ । यदि यस्तो केही छ वा तपाईंलाई शंका लाग्छ भने उनीसँग इन्टिमेट हुनबाट जोगिनुहोस् । कसैसँग इन्टिमेट हुनुका अर्थ यो होइन कि तपाईं आफ्नो भ्यालुलाई नजरअन्दाज गर्नुहोस् । तपाईंले आफ्नो भ्यालुसँग सम्झौता गर्नुपर्छ भनने पनि छैन ।

**पार्टनरलाई सोध्नुहोस् यस्ता प्रश्न:**

**हामी एक-अर्काका लागि हौ ?**

कसैसँग इन्टिमेट हुनु अघि के तपाईंहरुको सोच एकै खालको छ ? भन्ने जानकारी लिनुपर्छ । यसका लागि तपाईं आफ्नो पार्टनरलाई सिधै सोध्न सक्नुहुन्छ । इन्टिमेट हुनु अघि पार्टनरको अरु कसैसँग सम्बन्ध छ छैन भनेर पनि सोध्नुपर्छ ।

**गर्भनिरोधकका लागि हामी के प्रयोग गर्नेछौं ?**

इन्टिमेट हुँदा अनिच्छुक गर्भ वा कुनै रोगको खतरा नहोस् भन्ने कुरामा तपाईंले ध्यान दिनुपर्छ । यसका लागि तपाईंहरुले सुरक्षाका लागि के प्रयोग गर्ने भन्नेबारे स्पष्ट गर्नुपर्छ । धेरैजसो पुरुषलाई इन्टिमेट हुँदा प्रोटेक्सन प्रयोग गर्न मनपर्दैन । यस्तोमा तपाईंहरुले इन्टिमेट हुनु अघि नै यस्ता कुरा छलफल गर्नुपर्नेछ ।

# तपाईंका यस्ता बानीले बर्बाद हुनसक्छ यौन जीवन, तुरुन्त सुधार्नुहोस्



कुनै पनि वैवाहिक सम्बन्धमा प्रेम, विश्वासका साथै इन्टिमेसी हुनु पनि अत्यन्त आवश्यक छ । इन्टिमेसीले सम्बन्धलाई थप बलियो बनाउँछ । तर धेरै मानिस यस्ता छन् जसले आफ्नो यौन जीवनमा विभिन्न खालका समस्याको सामना गर्नुपर्छ । यसको पछाडि तपाईंका केही बानी पनि जिम्मेवार हुन्छन् । आज तपाईंका त्यस्ता बानी बारे कुरा गरौं जसले तपाईंको यौन इच्छामा नकारात्मक असर पार्ने गर्छन् ।

**गलत चिज खानु:**

यदि तपाईंलाई जङ्क फुड खान असाध्यै धेरै मनपर्छ भने तपाईंले आफ्नो शरीरलाई कार्ब्स, स्याचुरेटेड र ट्रान्स फ्याटले भर्नुहुन्छ । यसले रक्तसञ्चार पनि निकै ढिलो गरी हुने गर्छ साथै यस्ता खानाले इन्टिमेसीका बेला तपाईंलाई गाह्रो पनि पार्न सक्छ । तपाईंले यस्ता खानाको साटो फलफूल, सागसब्जी र प्रोटिनयुक्त चिजको सेवन गर्नुहोस् । स्वस्थ खानाले शरीरमा ऊर्जा प्रदान गर्छ ।

**असाध्यै धेरै नुनको सेवन:**

दैनिक असाध्यै धेरै नुनको सेवन गर्दा तपाईंको रक्तचाप बढ्ने र्छ । रक्तसञ्चार बढ्दा तपाईंको यौनइच्छा कम हुनसक्छ । डिब्बामा बन्द गरिएका खानेकुरामा सोडियमको मात्रा निकै धेरै हुन्छ । त्यसैले यस्ता खानेकुराबाट जोगिनुहोस् ।

**सधैं तनावमा रहनु:**

यदि तपाईंलाई कुनै कुराले लामो समयसम्म तनाव दिइरहेको छ भने यसले तपाईंको स्वास्थ्यमा प्रतिकुल अस पार्छ साथै तपाईंलाई इन्टिमेट हुन पनि खासै मन लाग्दैन । यदि तपाईं आफ्नो यौन जीवनलाई उत्कृष्ट बनाउन चाहनुहुन्छ भने तनावबाट टाढै रहनुहोस् र आफ्नो समस्याको छिट्टै समाधान पनि गर्नुहोस् ।

**एक-अर्कासँग खुलेर कुरा नगर्नु:**

यदि तपाईंलाई आफ्नो यौनजीवनमा केही समस्या भइरहेको छ जस्तो लाग्छ वा कुनै कुराले तनाव दिइरहेको छ भने यसको हल निकाल्नका लागि पार्टनरसँग खुलेर कुरा गर्नुहोस् । यदि तपाईं यसबारे कुरा गर्न हिच्किचाउनुहुन्छ भने यसको असर तपाईंहरु दुबैजनामाथि पर्नेछ ।


**तौल बढ्नु:**

यौन जीवनलाई उत्कृष्ट बनाउन चाहनुहन्छ भने तपाईंले आफ्नो बढिरहेको तौललाई कम गर्नुहोस् । बढेको तौलले तपाईंहरु दुबैजनालाई फाइदा पुर्याउँदैन । विशेषगरी यसले पुरुषलाई धेरै नै समस्यामा पार्ने गर्छ । एक अनुसन्धान अनुसार जुन पुरुषको कम्मर ४० इन्चभन्दा बढी छ भने उनीहरुमा बाँझोपनको समस्या देखिन सक्छ ।

## साहित्य

कथा

# अँगालोमा बेरिएकी 'कुसुम'



✍विमल लामिछाने

जेन जी पुस्ताले रुचाएकी कुसुम नाम जस्तै कोमल थिइन्, जुनजस्तै उज्यालो थियो उनको अनुहार । चेहरा धपधप अँध्यारामा चम्किएको पारशमणी झैं । उनका नयनमा बैंसालु लाली फुलेको, मनका आँकुराहरु लालुपाते फूलको आकर्षक झैं मोहित थिए । मानौं वसन्तका पलहरू उनकै दृष्टिमा सिंचित छन् ।

जेन जी (सन् १९९७ देखि सन् २०१२ सम्म जन्मिएकाहरूको समूह) पुस्ताकी कमाण्डर हुन् कुसुम । डाँफेचोकमा उनको भाषण सुन्ने फ्यानको ठेलमठेल भिड थियो । विचविचमा राखेका साउडबक्सको ध्वनीले जमिनमा कम्पन दिइरहेको थियो । जसरी मन उमंगमा तरंगित थियो, उस्तैगरी शब्द सुवासले मादक बनेका देखिन्थे उनका फ्यानहरु ।

उनका शब्द शब्दमा समुन्द्रको ज्वारभाटा झै छचल्किएको थियो उनको फदयको चाल । सलक्क परेको पहाडे काँक्रा झै शरिर । उनको उच्च आकर्षक चेहराले युवा पुस्तालाई खिचिरहेको थियो । धेरैका दृष्टीले शिकार गरिरहेका थिए उनका टक्क अवयवहरुको । बेला बेला हो मा हो मिलाएर कुर्लिरहेको थियो जेन जी पुस्ता । छिन छिनमै गुञ्जयमान बन्थ्यो तालीका पर्राको आवाज ठोकिन्थ्यो । मानौ कानका जालीमै कम्पन चलिरहेछ ।

जति विद्रोहको आवेश र आक्रोस थियो उनका शब्दहरुमा त्यतिनै फदयमा प्रेमको एउटा मौन नदी बहिरहेथ्यो, जसको मुहान त्यो मनभित्र बहने उसको आफ्नै मौनताको गोप्य एकान्तभित्रको कुना थियो । त्यो प्रेमिल नदीको केन्द्रमा थिए पहाड । न कि विशाल, अडिग हिमाल झैं मौन र स्थिर थिए पहाड । नाम मात्र हो पहाड, उनको स्वभाव भने बादलझैं चलायमान र नदीझैं शीतल थियो । तर कुसुम र पहाडको विचमा जातको तगारो थियो । समाजमा पहाड र कुसुमलाई उच्चता निचताको तगारोले घेरेको रहेछ ।

कुसुम र पहाड (जेन्जी) एउटै कलेजमा पढ्थे । सँगै पढ्ने, कलम र पुस्तकहरू साट्ने, कहिले काँही हाँसो-ठट्टा गर्ने, तर त्यो सम्बन्ध, त्यो संवाद मित्रताको सीमारेखाभित्र सुरक्षित थियो । त्यस रेखाबाट पर कतै प्रेमको उज्यालो क्षितिज थियो, जुन अझैसम्म दुबैजनाको मौनताभित्र बाँधिएर उकुस मुकुस थियो ।

तर अब मौनताको बाँध नफुटिरहन सकेन । कुसुम मौन रहिनन् । उनले भनिन्, 'अब खुला मैदानबाटै यो समाजमा जरा गाडेर बसेका सबैखाले विभेदलाई जेन जी पुस्ताले उखेलेर फ्याक्नु पर्छ । विभेदको विरुद्ध फेरि अर्को पुस्ताले लड्नु नपरोस् । जेन्जी पुस्ता समाज रुपान्तरणको लागि लड्ने अन्तिम पुस्ता बनोस् ।' पररर.. तालिको आवाज आउँछ ।

पहाडसहित जेन्जी पुस्ताको यो ठूलो हुलले कुसुमलाई साथ दिन्छन् । एउटा चरणमा पुगेर राज्यसत्ताका बागडोर सम्हाल्ने पात्रहरु फेरिन्छन् । तर धेरैले बलिदानीको कोटा चुक्ता गर्नुपर्छ । वलिदानी र रक्तपात पछि सत्ताका पात्र फेरिएपनि प्रवृतिमा फेरबदल आउन नसकेको तीतो अनुभूति यो पुस्ताले अझै शेयर गरिरहेको छ ।

उता कुसुम र पहाडको भावनात्मक मौनताको गाँठो भने कसिँदै गएको थियो । मनमा पोखिएको भावना अब फदयमै थाम्न नसकिने अवस्थामा पुग्छन् दुवै । उनीहरुले बिर्सिन चाहेनन् 'प्रेम भनेको मौनता होइन, साहस हो' । त्यसैले उनले आफ्नो अव्यक्त प्रेमलाई मनिमा नामकी विश्वासपात्र साथीमार्फत व्यक्त गर्ने साहस गरिन् । हिम्मतसाथ मनिमालाई भन्न पुगिन् पहाडलाई भनिदेऊ, म उसलाई मन पराउँछु । तर यो प्रेम केवल आर्कषण होइन, यो त चोखो र निश्चल छ, जसरी धर्तीले आकाशलाई गर्छे, चन्द्रमाले सीत बनेर पृथ्वीलाई तिर्छ । विद्रोहले परिवर्तनलाई चुम्छ ।

एकदिन मनिमा पहाडको खवर लिएर फर्किन्, मुखमा मधुर मुस्कानसहित । पहाड पनि त्यही भन्छन्, पहाडको मन पनि तिमीमा नै अडिएको रहेछ । उनले भने, कुसुमजस्तो पवित्र हृदयकी साथीसँग जीवन बिताउने सपना म पनि देख्छु । तर यो सम्बन्ध हामी शब्दमार्फत होइन, कर्ममार्फत पुष्ट गर्न सकौं ।

त्यो दिन कुसुमको जीवनमा खुशीको बहार उर्लेको थियो । उनी ढक्क फुलिन् । मानौ आत्मभित्र कुनै सुगन्धित उज्यालो फैलियो, मानौं प्रेमको बगैंचामा अब पहिलो पटक उनी आफूलाई फूलझैं फुल्न पाएकी थिइन् ।

साँच्चिकै, कुसुम केवल रूपमा मात्र होइन, सोच र स्वभावमा पनि एउटा असल मानवीय मूल्यकी प्रतिनिधि पात्र थिइन् । उनको प्रेम, केवल साथ पाउने चाहनामा सीमित थिएन । उनी त्यस्तो प्रेम चाहन्थिन्, जसले मान्छेलाई महान बनाओस्, स्वार्थबाट मुक्त होस् र त्यागको अमृतले सिञ्चित होस् । उनी विश्वास गर्थिन्, पौराणिक कथाका पात्र नल राजा र दमयन्तीको प्रेमजस्तो, लक्ष्मीप्रसाद देवकोटाका मुना र मदनको कथामा वियोगको बेला अमरता खोज्ने भावजस्तो, लैला-मज्नुको त्यागजस्तो प्रेममा नै साँचो सौन्दर्य भरिएको प्रेम । समाजमा परिवर्तनको नमूना बन्न सक्ने महत्वको महजोडी । अनि दुई आत्माहरूबीचको समझदारी, एक-अर्काको स्वाभिमानको सम्मान र सँगै अघि बढ्ने वर्गीय विद्रोहमा सहयात्राको साझा प्रतिवद्धता ।

कलेजका ति दिनहरूमा उनीहरूले कहिल्यै प्रेमी-प्रेमिकाका अभिनय गरेनन् । न हात समाते, न आँखा चोरे । न रसिलो स्पर्स नै । पढाइको अलावा केवल एक अर्कालाई साथ दिए, समाजमा वर्गीय चेत भर्दै विद्रोहकोलागि सार्थक एकतामा ।

पहाडपनि त्यही चाहन्थे । प्रेमले विचारको विगुल फुकेर समाजका हरेक नागरिकमा चेतनाको उर्जा भर्न सकोस् । लक्ष्यमा पुर्याएर समाजलाई परिवर्तनको आभाष दिलाउन सकोस् । ब्यवहारमा पनि साँच्चै त्यस्तै थियो आपसमा । कुसुम कविता लेख्थिन् । उनका शब्दहरूमा पीडाको गहिराइ र आशाको उज्यालो मिसिएको हुन्थ्यो । ती कविताहरू जब पहाडले पढ्थे, उनी चुपचाप मुस्कुराउँथिन् ।

कुसुम शब्द थिइन्, पहाड क्रियाशील अर्थ । उनीहरूको सम्बन्ध कुनै संयोग थिएन, यो त नियतिको खेल भन्दापनि क्रान्तिकारी भेटजस्तो लाग्थ्यो । जसरी बादलले हिमालको शिर चुमेर फेरि फर्कन्छ र आनन्दित वर्षामा परिणत हुन्छ । उस्तै मिलन थियो कुसुम र पहाडमा । पहाडको मौनता कुसुमलाई भावना बुझ्ने गहिरो परिभाषाजस्तै लाग्थ्यो । उनका शब्दहरूमा वर्गीय चेत, जातीय विद्रोह र गरीव जनताको पीडाको गहिराइ हुन्थ्यो, आँखा खोल्ने सन्देश हुन्थ्यो, अनि भविष्यको कल्पना भरिएको हुन्थ्यो ।

समाजमा अन्यायको विरुद्ध आवाज उठ्न थाल्यो । कुनाकुनामा विद्रोहका नारा घन्किए, शासकको किल्ला ढल्न थाल्यो । समाजमा विद्रोहको छाल आउन थाल्यो । युवाहरू जाग्न थाले, गाउँ गाउँबाट भाउजु, आमा र दिदीहरु सडकमा आए, बूढापाकाले मुट्ठी कसे, कुनाकुनामा नारा घन्किन थाले, 'हाम्रो सपना-हाम्रो संघर्ष !' योसँगै कुसुम र पहाडविच तगारो बनेको विभेदको किल्ला पनि ढल्यो ।

अन्तत: उनीहरूले विवाह गरे, तर त्यो कुनै तामझामले भरिएको साधारण विवाह थिएन । त्यो 'जनवादी विवाह' थियो । विश्वास र आदर्शको गहिरो मिलन थियो । कुसुमले पहाडको हात समाउँदै भनिन्, 'तिमी मेरो सपना मात्र होइन, मेरो संघर्ष पनि हौं । म तिमीलाई प्रेम गर्छु, जसरी आत्माले सत्यलाई गर्छ, आकाशले धर्तीलाई गर्छ ।'

आज, कुसुम र पहाडको जीवन प्रेम र क्रान्तिको अद्वितीय मिसाल बनेको छ । उनीहरू चोखो, विवेकपूर्ण प्रेमका संवाहक हुन् । साँचो सपना देख्ने र समाजमा जरा गाडेर बसेका सबैखाले विभेद विरुद्ध परिवर्तनको विगूल फुक्ने सहयात्री । परिवर्तनका प्रेरक । उनीहरूको सम्बन्धमा कुनै बनावट थिएन । प्रेम उनीहरूका लागि व्यक्तिगत मोहको बन्दी थिएन, त्यो त साझा सपना थियो । एक यस्तो समाजको परिकल्पनामा उनीहरुको सहयात्रा थियो, जहाँ मान्छे बराबरीमा बाँच्न सकून्, स्वतन्त्रताको सास फेर्न सकून् । मान्छे मान्छेविच भेदभाव कहिल्यै नहोस् ।

चन्द्र र सूर्य अंकित रातो झन्डामुनि, जनताको बीच, उनीहरूले कसम खाए । सपना मात्र होइन, संघर्षमा पनि सँगै होमिएको जेन्जी पुस्ताको नमूना जोडी । त्यो विवाहलाई समाजले 'जनवादी विवाह' को नाम दियो । कुसुम र पहाड अँगालोमा बेरिए ।

# जेन-जी आन्दोलन



✍आरध्या आचार्य

कक्षा: ६, नवोदय शिशु सदन

वि.सं. २०८२ भदौ २३ गतेबाट भएको जेन जी आन्दोलनले नेपालमा धेरै प्रभाव पार्‍यो । जता हेरे पनि देश नै खरानी भएको थियो । यो आन्दोलनमा चौध वर्षदेखि अट्ठाइस वर्षका युवाहरू जो देशको भविष्य थिए उनीहरूलाई टाउकोमा ताकी ताकी गोली हानियो ।

कलेजको पोसाकमा भएका कलिला विद्यार्थीलाई जो पढ्दै थिए यस्तो शान्तिपूर्ण आन्दोलन गर्दा पनि निधार र छातीमा गोली हानियो जसको परिणाम स्वरूप उन्नाइस जनाको घटनास्थलमै मृत्यु भयो ।

भ्रष्टाचार नियन्त्रणको लागि गरेको आन्दोलनले नेपाल सरकारलाई ढाल्न त सफल भयो तर देशको शान र भविष्य सबै सकियो । हरेकको घरको चारैतिर कर्फ्यू छ, आकाश धुँवा तथा धुलोले ढाकेको छ ।

यस समयमा कसलाई चाहीँ दु:ख लाग्दैन होला ? सबैजनाको आँखामा आँसु भएको समयमा मलाई पनि साह्रै नरमाइलो लाग्यो । आशा छ हाम्रो देश नेपाल छिट्टरुटै पहिलेकै अवस्थामा आउनेछ । अहिले बनेको अन्तरिम सरकारले जवाफदेही र प्रभावकारी कदम चाल्नेछ अनि जतिसक्दो छिटो देशको विकास हुनेछ ।

# भोजन-एक पवित्र उपहार



✍प्रो.एस.एस. डोगरा

(दिल्ली, भारत)

धन्यवाद प्रभु, यो पवित्र भोजनका लागि,
यो प्रेम र प्रकृतिको औषधि हो हाम्रा लागि ।

किसानका हात र दिलको मेहनत छ यसमा,
खेतदेखि भान्सासम्म झल्किन्छ साहस यसमा ।

जो माया र अपनत्वले पकाउँछन् र खुवाउँछन्,
हरेक निवालामा तिनको माया प्रकट हुन्छ ।

सोच-विचार गरेर किन्नु, ठीकसँग परोस,
सचेत भएर खानु, व्यर्थ नगर्नुहोस् ।

यो भोजन र जीवन ईश्वरको आशीर्वाद हो,
आउनुहोस् कृतज्ञता, खुशी र हेरचाहसँग बाँडौं ।

कविता

# दु:खीको बनोट

✍भीम ठटाल

संसार पीडित छ
तर म असहाय छु
किनकि म केहि फरक पार्न सक्दिनँ।
गर्न सक्नेले गर्न नचाहेको कुरा
गर्न चाहेर पनि म गर्न सक्दिनँ।

खुट्टामा गोली लागेको लङ्गडो कुकुर
अज्ञात दिशातिर बाटो तर्छ
करुणा अब कसैमा छैन,
पखेटा काटिएको एउटा परेवा
खाल्डोमा खस्छ
उद्धार गर्न कोहि चाहँदैन,
खाना नभएर दु:खी आमाहरु बच्चा मार्न खोज्छन्
किनकि खाना बाँड्नेहरु थुपार्न व्यस्त छन् ।

ढोंगी गर्वले एउटा राष्ट्रले अर्को राष्ट्रलाई
आक्रमण गर्छ
किनकि आपसी सहयोग अनि सह-अस्तित्वमाथि
अब कसैलाई विश्वास छैन ।

विकासमा, नागरिकमा, प्रजातन्त्रमा
अपार समर्पणको कमीले गर्दा
अब उसो कसैको आस्था छैन ।

कोहि भाग्छन् किनभने बस्नु श्राप भएको छ
किनकि बलियाले सधैं
असहायहरूलाई दमन गरेका छन् ।
केही भौंतारिएर बस्छन्
बेमेल राजनीतिक इच्छाशक्तिले
उखेलिएपछि ।
कुनै विमानमा आकाशबीच आगो लाग्छ
किनकि केही नियमहरू
मानवीय अवधारणाका विपरित छन् ।

चेतनाका केही माछाहरू
धाराको उल्टो चढ्न वाद्य हुन्छन्
किनकि सहज धारा छेकिएको छ ।
अनि म हेरि मात्र रहन्छु
किनकि म केही गर्न सक्दिनँ
र यसरी एक दु:खी व्यक्तिको बनोट
तयार हुन्छ ।

# प्रचण्डकै नेतृत्वमा माओवादी महाधिवेशन

काठमाडौं/नेकपा माओवादी केन्द्रको दुई दिनसम्म चलेको केन्द्रीय समितिको बैठकले आफैँलाई महाधिवेशन आयोजक समितिमा रुपान्तरण गरेको छ । केन्द्रीय समिति आयोजक समितिमा रुपान्तरण हुँदा पुष्पकमल दाहाल प्रचण्ड पनि अध्यक्षबाट संयोजकमा रुपान्तरित भएका छन् ।

काठमाडौंको प्रज्ञा भवनस्थित बैठकस्थलबाट बाहिरिँदै गर्दा प्रचण्डले पत्रकारहरूलाइ सम्छिप्त प्रतिक्रिया दिए, 'म अब अध्यक्ष रहिँन, संयोजक भएँ ।' प्रचण्डको यो अभिव्यक्ति यसकारण अर्थपूर्ण छ- कि केन्द्रीय समितिको बैठकमा सानै स्वरमा भएपनि प्रचण्डले नेतृत्व छाड्नुपर्ने आवाज उठेको थियो ।

वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले प्रचण्डलाई अध्यक्ष छाड्न र आफूलाई कार्यवहाक अध्यक्षको जिम्मेवारी दिन प्रस्ताव नै राखेका थिए । तर, केन्द्रीय समिति प्रचण्डको प्रस्तावअनुसार ग भएर महाधिवेशन आयोजक समितिमा रुपान्तरण हुँदा अध्यक्ष भन्ने पद नै रहेन । आयोजक समितिको संयोजकमा भने प्रचण्ड नै छन् ।

माओवादी केन्द्रका नेता देवेन्द्र पौडेलका अनुसार आगामी मांसिरको अन्तिम सातासम्म विशेष महाधिवेशन गरिसक्ने निर्णय भएको छ । विशेष महाधिवेशन अगाडि समेत छरिएर रहेका र बिचार मिल्ने कम्युनिस्ट पार्टीहरूसँग एकताको पहल गर्ने निर्णय भएको छ । माओवादीका अर्का नेता नेता रहिश साहका अनुसार यसबीचमा अन्य पार्टीसँग एकता भए एकता महाधिवेशन हुनेछ । त्यो अवस्थामा पार्टीको नाम समेत फेरिन सक्छ । अन्य पार्टीहरूसँग एकताको पहल गर्ने जिम्मेवारी समेत प्रचण्डले नै पाएका छन् ।

माओवादीको निर्णय लगत्तै एउटा प्रश्न उठेको छ- प्रचण्डकै नेतृत्वमा माओवादी महाधिवेशन आयोजक समिति किन ? माओवादी नेता माधव सापकोटाका अनुसार यसबारे तीन वटा तर्क रहेका छन् ।

पहिलो : बहुसंख्यक केन्द्रीय सदस्यले अहिले प्रचण्डकै नेतृत्वमा अगाडि जानुपर्छ र यो नै उपयुक्त हुन्छ भन्ने मत प्रकट गरे ।

दोस्रो : केन्द्रीय समिति र अध्यक्ष दुवै महाधिवेशनबाटै चयन भएर आएकाले अर्को महाधिवेशनसम्मै गएर नेतृत्वबारे निर्णय लिनुपर्छ भन्ने स्पष्ट अडान ।

तेस्रो : विधि र प्रक्रिया अनुसार पनि महाधिवेशनबाट नेतृत्व चयन हुन्छ । अन्यथा बिचमा नेतृत्व परिवर्तन गर्नुपर्ने गरी नेतृत्वबारे प्रश्न उठेको छैन ।

जेनजी आन्दोलनका क्रममा पूराना पार्टीका नेतृत्व समेत बदलिनुपर्ने विषय उठेको थियो । यसको जवाफमा नेता सापकोटा सडकमा सुशासन र भ्रष्टाचारको विषय उठेको र त्यसलाई अधिकतम सम्बोधन गर्ने प्रयास गरिएको बताउँछन् ।




**बदलिएको परिशिस्तिमा माओवादीलाई बदल्न कति प्रयत्न भयो ?**

जवाफमा सापकोटा भन्छन्, 'एउटा सुरुवात भएको छ । यो पूर्ण भने भएको होइन । सबैका कुरा सुन्छौं भनिएको छ । महाधिवेशनसम्म छलफल गरेर युग अनुसारको नेतृत्व र नेता चयनमा माओवादी पुग्छ ।'

**प्रतिवद्धतै प्रतिवद्धता**

महाधिवेशन आयोजक समितिको संयोजक हुँदै गर्दा प्रचण्डले रुपान्तरणका लागि जे गर्न आवश्यक छ त्यो गर्न तयार रहेको बताएका छन् । पार्टीलाई पनि त्यसअनुसार अगाडि बढाउन प्रयत्न गर्ने प्रतिवद्धता जनाएका छन् । प्रचण्डको प्रतिवद्धता अनुसार केन्द्रीय समितिले 'पार्टीभित्रका नेता-कार्यकर्ताको सम्पत्ति छानविन गर्न शक्तिशालि आयोग गठन गर्ने' निर्णय गरेको छ ।

अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पार्टीका माओवादीका सबै नेताहरूको सम्पत्ति सार्वजनिक गर्ने घोषणा गरे। सुदूरपश्चिम प्रदेशका प्रतिनिधि समूहका तर्फबाट हरि ज्ञवाली अखण्डले निष्कर्षहरू प्रस्तुत गरेका थिए । जसअन्तर्गत मा एउटा बुँदामा माओवादी नेताहरूको एकाघरको सम्पत्ति छानबिन गर्न आयोग गठनको प्रस्ताव रहेको छ । जसमा भनिएको छ, 'पार्टीका सबै नेताहरुको एकाघरको सम्पत्ति तथा पार्टीका सम्पत्ति छानबीनका लागि पूर्व महालेखा परीक्षक या स्वतन्त्र व्यक्तिहरुको सहभागितामा सम्पत्ति छानबीनको कार्यविधि तयार गरी आयोग गठन गर्ने ।'

जवाफमा प्रचण्डले माओवादीका सबै नेताहरूको सम्पत्ति सार्वजनिक गर्ने घोषणा गरेका हुन् । परिरवारवादको विषयमा ख्याल गर्ने प्रतिवद्धता जनाएका छन् । उनले भनेका छन्, 'नेपोटिज्म हामीमाथि पनि आरोप छ, कार्यविधि बनाएर पारिवारिक सदस्यहरूका बारेमा निर्णय लिनेछौं । कुकस्कार, कार्यशैलि र चालचलन सम्बन्धि निति बनाउनेछौं ।'

पार्टीमा युवा पुस्तालाई समेट्ने पनि प्रचण्डको प्रतिवद्धता छ । प्रचण्डको प्रतिवद्धा अनुसार निर्णयमा लेखिएको छ, 'जेन-जिलाई पार्टीका सबै कमटिमा अधिकतम सहभागि गर्ने । युवाहरूलाई प्रथामिकता दिने ।' यो निर्णयमा पुग्नु अगाडि प्रचण्डले पार्टीका सबै तहका संरचनामा जेनजीको प्रतिनिधित्व अनिवार्य गर्ने घोषणा गरेका थिए । यसका लागि अध्यक्ष प्रचण्डले निर्देशन नै दिएका छन् । प्रचण्डले भनेका छन्, 'अब केन्द्रीय समिति बनाउदा या वडा समिति पालिका समिति या प्रदेश बनाउदा पनि हामीले युवाहरुलाई प्राथमिकता दिनेछौं, सहभागिता अनिवार्य हुनेछ ।'

आफूले केही दिन अगाडि जेन्जी युवाहरुको प्रतिनिधि मण्डलसँग भेटघाट गरेको उल्लेख गर्दै प्रचण्डले भने, 'उहाँहरुले कम्तीमा २५ प्रतिशत चाहियो सबै संरचनामा भन्नुभएको छ । केन्द्रीय समितिमै जेन्जीलाई यही चाहियो भन्नुभएको छ ।' 'प्रतिशतका हिसाबले के कति सकिन्छ, तर अधिकतम समेट्ने र सहभागिता अनिवार्य गर्ने नीति आमीले पास गर्‍यौं' प्रचण्डले केन्द्रीय समितिको बैठकमा भने । जसअनुसार निर्णय भएको छ ।

आईटी दक्षतालाई उच्च प्राथामिकतामा राखेर काम गर्ने पनि प्रचण्डको प्रतिवद्धता छ । साथै, आफ्नो प्रस्तावमा असहमति राख्ने वरिष्ठ उपाध्क्ष नारायणकाजी श्रेष्ठ र उपमहासचिव जनार्दन शर्माको प्रस्तावलाई समेत समेट्न् र महाधिवेशनसम्म छलफल गर्दै जाने प्रचण्डको प्रतिवद्धता छ ।

वरिष्ठ उपाध्यक्ष श्रेष्ठले आगामी फागुन २१ मा हुने प्रतिनिधि सभाको चुनाव पछाडि महाधिवेशन गर्नु उपयुक्त हुने बताएका थिए । नेतृत्वको सन्दर्भमा अध्यक्ष प्रचण्डले छोड्ने र कार्यवहाक अध्यक्ष आफूले पाउनुपर्ने प्रस्ताव राखेका थिए । यो प्रस्ताव अस्वीकृत भएको छ ।

उपमहासचिव जनार्दन शर्माले सबै पदाधिकारी नआउने गरी नयाँ टिम ल्याउने प्रस्ताव राखेका थिए । हाल रहेका पदाधिकारी निर्देशक समितिमा रुपान्तरित भएर रहने उनको प्रस्ताव थियो । शर्माको प्रस्ताव पनि अस्वीकृत भएको छ । तथापि, असहमतिलाई समेत ख्याल गरेर अगाडि बढ्ने प्रचण्डको प्रतिवद्धता छ । अर्थात, आफ्नो विरोध गर्ने पक्षलाई समेत साथमै लिएर अगाडि बढ्ने भनेर प्रचण्डले सबैको मन जित्ने प्रयास गरेका छन् ।

**उस्तै प्रवृति**

प्रचण्ड लामो समयदेखि पार्टी नेतृत्वमा छन् । समयअनुसार आफूलाई बदल्न सक्ने र नेतृत्वका लागि माहोल बनाउने सक्ने उनको क्षमता यसपटकको केन्द्रीय समितिमा समेत प्रकट भएको छ । जेनजी आन्दोलनपछि बदलिएको राजनीतिक परिस्थितिमा गत आइतबार पदाधिकारीको बैठक राखे । केन्द्रीय समिति भंग गर्ने र आगामी महाधिवेशनमा विशेष महाधिवेशन गर्ने प्रस्ताव ल्याए । त्यसलाई स्थायी समितिबाट अनुमोदन गराउँदै ल्याएर केन्द्रीय समितिबाट समेत पारित गराए ।

प्रचण्डको यो तदारुकतालाई लिएर माओवादीभित्र उनको समर्थन गर्ने जमात उस्तै छ । केन्द्रीय समिति भंग मात्रै गराएनन् । जेनजीका माग सम्बोधन गर्ने, प्रतिनिधित्व अनिवार्य गराउने, नेताहरूको सम्पतिको छानबिन गर्ने, नातावादको अन्त्य गर्ने लगायतका प्रतिवद्धता जनाएर पार्टी बदलिएको सन्देश प्रवाह गर्न सफल भए ।

बिहीबार र शुक्रबार बसेको केन्द्रीय समितिको बैठकमा अधिकांशले प्रचण्डको तदारुकताको प्रशंसा गरे । 'अन्य दलले माओवादीबाट सिक्नुपर्छ । नयाँ पुस्ताको माग र चाहना हामीले सुन्यौं । यसको नेतृत्व प्रचण्डको गर्नुभएको छ । यो बेला अर्को नेतृत्व खोज्ने कुरा आउँदैन' माओवादी केन्द्रकी नेता सिता थेवेले भनेकी छन् ।

नेताहरूका अनुसार सिता थेवेकै जस्तै अभिव्यक्ति अधिकांशको थियो । एक नेताका अनुसार ९५ प्रतिशत बढी प्रचण्डको पक्षमा उभिएका थिए । केही प्रतिशत तटस्थ जस्ता देखिएका थिए भने सानो संख्यामा केन्द्रीय सदस्य उपमहासचिव जनार्दन शर्माको प्रस्तावको पक्षमा खुलेका थिए । 'वरिष्ठ उपाध्यक्षको पक्षमा उभिने एक जना पनि देखिएनन्' माओवादी केन्द्रीय सदस्यको दृश्य केलाउँदै भने ।

अर्थात् फेरि पनि माओवादीको नेतृत्वमा आफूलाई राखिराख्ने वातावरण प्रचण्डले बनाउने प्रयत्न जारी राखेका छन् । प्रचण्डकै शब्दमा नेतृत्व कसैले कसैलाई टिका लगाएर दिने विषय होइन । आफूले कसरी नेतृत्व लिएको हो त्यसको पृष्ठभूमि र इतिहास ख्याल गरेर बोल्न र अर्को नयाँ नेतृत्व निर्माणमा लाग्न प्रचण्डको नेताहरूलाई प्रष्ट सन्देश छ । आफ्नो इतिहासलाई प्रचण्डले न्यूनतम बुझाइ भनेका छन् ।

बिहीबार नै प्रचण्डले भनेका थिए । 'कमसेकम पनि यो बारेमा न्यूनतम हाम्रो बुझाईमा एकरुपता हुन जरुरी छ' प्रचण्डले भनेका छन्, 'मैले पार्टीको नेतृत्व बल गरेर, अनेक गरेर लिएको होइन ।' २०४६ सालको ऐतिहासिक जनआन्दोलन अगाडि एउटा विशेष परिस्थितिमा तीन वर्षसम्म आफूलाई नेतृत्व गर् भन्दा हुदैँन भनेर रोक्दा रोक्दै अन्तिममा नेतृत्व लिनैपर्ने परिस्थिति आइपरेको र नेतृत्व लिएको प्रचण्डको भनाइ छ ।

यसो भनिरहँदा उनले महासचिव देव गुरुङलाई साक्षी राखेका छन् । 'गुरुङजी यहाँ हुनुहुन्छ' प्रचण्डले भनेका छन्, 'हामी सँगै थियौं । कस्तो परिस्थितिमा म पार्टीको ४६ सालको ऐतिहासिक जनआन्दोलन अगाडि पार्टीको महामन्त्री बन्न पुगेँ ।'

आफू महामन्त्री बनिसकेपछि एकता केन्द्र बन्ने, जनयुद्ध हुने सबै सबै कुराहरुका कथाहरु सबैलाई स्मरणमा रहेको भन्दै उनले दुई बुँदामा उही कुरा दोहोर्‍याएका छन् । प्रचण्डकै शब्दमा 'पहिलो कुरा- जिम्मेवारीबाट पन्छिने आन्दोलनबाट निष्क्रिय हुने भन्ने मेरो सम्भव पनि छैन, मेरो नेचर पनि होइन ।'

'दोस्रो कुरा : पद लोभता मेरो नेचर होइन । मलाई पद नभए नहुने भन्या जस्तो गरि प्रतिक्रियावादी र अवसरवादीहरुले जसरी प्रचार गरेका छन्, त्यो सत्य होइन । म नेतृत्वमा आएको पनि बल गरेर मलाई बनाउनै पर्यो भन्ने ढंगले होइन । जबरजस्ती मेरो काधमा जिम्मेवारी आइपर्यो र मैले बोकेको हो ।' आफू नेतृत्वमा आएपछि २०४६ सालको ऐतिहासिक जनआन्दोलन भएको र आफूहरूले संयुक्त राष्ट्रिय जनआन्दोलन गरेको प्रचण्डको भनाइ छ ।

प्रचण्डका अनुसार एकता केन्द्र बन्यो, एकता महाधिवेशन भयो । माओवादी बन्यो, जनयुद्ध भयो । जनआन्दोलन भयो, शान्ति सम्फौता भयो, संविधान सभा भयो, संघीय गणतन्त्र मुलुकमा आयो । यो सबैमा पार्टीले र जनताले आफूलाई भरोसा गरेर विश्वास गरेर जे जिम्मेवारी दियो त्यसमा आफू लागेको उनले भनेका छन्, 'आज पनि पार्टीले मलाई जिम्मेवारी दियो, मैले सकेको कुरा गर्ने कोशिश गरि राख्ने छु ।'

अहिले जुन बिन्दुमा पार्टी रहेको छ, जुन किसिमका देशी विदेशी प्रतिक्रियावादी चलखेल, षडयन्त्र तीव्रतामा भएका छन्, यस्तो परिस्थितिमा नेतृत्वको विषय उज्यालिएको भनेर प्रचण्डले असन्तुष्टि समेत जनाए । अर्थात, मुलुकको परिस्थिति ठीक नरहेको र यस्तो बेला बलियो नेतृत्व चाहिने भनेर प्रचण्डले आफैँलाई त्यस्तो नेतृत्व हो भनेर प्रस्तुत गरेका छन् ।

*(स्रोतः अनलाइनखबर)*

# 'हरिबहादुरको जुत्ता'को 'सुन्तलीमाई' गीतमा आर्यन र वर्षाको छमछमी



काठमाडौं/यही दशैंको फूलपातीबाट प्रदर्शन हुन लागेको फिल्म 'हरिबहादुरको जुत्ता'को नयाँ गीत 'सुन्तलीमाई' सार्वजनिक गरिएको छ । समीक्षा अधिकारी र मोहितवंश आचार्यको स्वरमा रहेको यस गीतमा दिनेश थपलिया (पूर्व प्रमुख निर्वाचन आयुक्त)को शब्द रचना, वसन्त सापकोटाको संगीत, कुशल सिंहको एरेन्ज र श्याम श्वेत रसाइलीको मिक्सिङ्ग तथा मास्टरिङ्ग छ ।

विक्रम स्वारको कोरियोग्राफी रहेको गीतको भिडियोमा अभिनेता आर्यन सिग्देल र अभिनेत्री वर्षा राउतले आकर्षक नृत्य प्रस्तुत गरेका छन् । गीतमार्फत उनीहरूले एकअर्काको रूप, गुण र स्वभावको प्रशंसा गर्दै प्रेमका भावना पोखेका छन् । भिडियोमा फिल्मका मुख्य कलाकारहरू प्रकाश सपूत, दिव्य देव, हरिहर शर्मा, दिनेश काफ्ले लगायतलाई पनि देख्न सकिन्छ ।

दीपेन्द्र के. खनालको निर्देशनमा बनेको यो फिल्ममा हरिवंश आचार्य, स्वस्तिमा खड्का, प्रियंका कार्की, किरण केसी, राजाराम पौडेल, सीता न्यौपाने लगायतको पनि अभिनय रहेको छ । फिल्ममा हरिवंशले आफ्नो चर्चित पात्र हरिबहादुरको भूमिका निभाएका छन् । फिल्ममा उक्त पात्रको भावनात्मक पाटोलाई प्रस्तुत गरिएको निर्माण पक्षले जनाएको छ ।

सरोज ओली र मोहितवंश आचार्यले निर्माण गरेको फिल्ममा कृष्ण बहादुर थापाको छायांकन, नहकुल खड्काको सम्पादन, वसन्त सापकोटा, दीपक शर्मा र प्रकाश सपूतको संगीत रहेको छ । फिल्मको यसअघि सार्वजनिक गीत 'बेला बितेसी' दर्शकमाफ लोकप्रिय बनिसकेको छ, जसले युट्युबमा ४१ लाखभन्दा बढी भ्यूज प्राप्त गरेको छ ।

# 'हर्ष'को 'सिठ्ठी मार' गीतमा निर्देशक आफैंको प्रस्तुति





काठमाडौं/आगामी मंसिर १२ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'हर्ष'को दशैंलाई लक्षित गर्दै पहिलो गीत 'सिठ्ठी मार' सार्वजनिक गरिएको छ । डान्सिङ शैलीको गीतमा एलिस कार्कीको संगीत तथा पवित्रा घिमिरेको शब्द रचना रहेको छ भने प्रताप दास र सदीक्षा कट्टेलको स्वर सुन्न सकिन्छ । गीतमा हर्ष, उमङ्ग, खुसी र उत्साहको भाव मिश्रित छ ।

सुनिल क्षेत्रीको कोरियोग्राफी रहेको गीतको भिडियोमा उनी आफैं नृत्य गर्दै देखिएका छन् भने उनलाई फिल्मकी निर्देशक एकता पौडेलले साथ दिएकी छन् । विवाह, दही-चिउरा र होलीको माहोलमा तयार पारिएको गीतको भिडियोमा फिल्मका कलाकारहरु वर्षा राउत, खगेन्द्र लामिछाने, सन्तोष पन्त, विशाल पहारी, शर्मिला मल्ल, माओत्से गुरुङ लगायतलाई पनि देख्न सकिन्छ ।

स्वर्गीय निर्देशक शिव रेग्मीकी भान्जी रहेकी एकताले यही फिल्मबाट निर्देशनमा डेब्यु गरेकी हुन् । यसमा उनी स्वयंको लेखन रहेको छ । विकाश पौडेल निर्माता र हिक्मत चोखाल कार्यकारी निर्माता रहेको फिल्ममा निमा पाण्डे, लुनिभा तुलाधर, अंशु महर्जन, रेनु प्रधान, सुवर्ण थापा, श्रृष्टि महर्जन, श्रीजना नापित लगायतको पनि अभिनय छ ।

अष्टलक्ष्मी प्रोडक्सन्स् र ई-प्राईम मुभिजको ब्यानरमा बनेको यो फिल्ममा समीर र हिमाल, वसन्त सापकोटा तथा एलिस कार्कीको संगीत, लोकेश बज्राचार्यको सम्पादन, सुनिल क्षेत्री र निर्देशक पौडेलको कोरियोग्राफी तथा कोविद बज्रको ब्याकग्राउन्ड स्कोर रहेको छ । पारिवारिक कथावस्तुमा आधारित 'हर्ष'मा स्वं. शिव रेग्मीले लेखेको गीत पनि समावेश गरिएको छ ।

# धितोपत्र बोर्ड र नेप्सेमा भाँडभैलो: काम ठप्प, अध्यक्ष हटाउन दबाब

काठमाडौं/गत मंगलबार देखि नेपाल धितोपत्र बोर्डका अध्यक्ष सन्तोषनारायण श्रेष्ठ, कार्यकारी निर्देशक तथा उपनिर्देशकका सवारी साधन कर्मचारी युनियनको नियन्त्रणमा छन् । मंगलबारदेखि नै बोर्डका सबै काम ठप्प छन् । बोर्डमा अहिले हकप्रद सेयर, आईपीओ आवेदन, बोनस सेयर दर्तासहितका काम ठप्प छन्, बोर्डमा कहिलेबाट नियमित कार्य सुरु हुने हो, अनिश्चित छ ।

बोर्ड कर्मचारी युनियन र स्वतन्त्र कर्मचारी संगठनले संयूक्त रुपमा ताल्चा लगाएर सबै काम ठप्प पारिदिएका हुन् । असोज २ गते अर्थमन्त्रालय राजस्व सचिवस्तरीय निर्णयविरुद्ध दुई कर्मचारी युनियन संयुक्त आन्दोलनमा होमिएका हुन् ।

असोज २ गते मन्त्रालयमा बोर्डसँग सम्बन्धित तीन निर्णय भएका थिए । पहिलो निर्णय हो - बोर्डमा रहेका दुई कर्मचारी कोष खारेज गर्ने । हाल कर्मचारीको हितका लागि भन्दै दुई कोष सञ्चालनमा छन्-कर्मचारी कल्याण कोष र कर्मचारी सुरक्षण कोष । यी दुवै कोषलाई खारेज गर्न बोर्डलाई निर्देशन दिइएको छ । यी कोष खारेज भएपछि कर्मचारीले यसअघि खाईपाई आएको थप रकम कटौती हुन जान्छ । बोर्डका विभिन्न आम्दानीबाट यी कोषमा रकम जम्मा हुने गर्छ र कोषबाट नै कर्मचारीलाई अवकास सुविधावापतको ठूलो रकम दिइने गरेको छ । कार्यरत कर्मचारीलाई पनि वार्षिक रुपमा बाँडिँदै आएको छ ।

कार्यरत सेवा अवधि अनुसार एउटा कर्मचारीको भागमा यी कोषबाट वार्षिक करिब डेढ लाख रुपैयाँदेखि साढे दुई लाख रुपैयाँसम्म रकम पर्ने गरेको छ । अब कोष नै खारेज गरेपछि यी सेवा नपाइने भन्दै कर्मचारीले विरोध गरेका हुन् ।

'बोर्डलाई स्वायत्त निकाय भन्ने तर सचिवस्तरीय निर्णय गरेर मन्त्रालयले अधिनमा लिन खोज्यो, यसविरुद्ध हाम्रो आन्दोलन हो' नेपाल धितोपत्र बोर्ड कर्मचारी युनियनका अध्यक्ष अजय ढुंगानाले भने । यसबारे मन्त्रालयसँग बोर्डका अध्यक्ष श्रेष्ठले प्रभावकारी रुपमा समन्वय गर्न नसकेकाले राजीनामा दिनुपर्ने माग समेत कर्मचारीले उठाएका छन् ।

मन्त्रालयले गरेको दोस्रो निर्णयमा कर्मचारी भन् आक्रोशित छन् । दोस्रो निर्णय हो- ती कोषबाट विगतमा भुक्तानी भएको रकम सम्बन्धित व्यक्तिबाट असुल गर्ने प्रक्रिया सुरु गर्नुपर्ने । बोर्डमा अहिले ३० वर्षदेखि नै काम गरेका कर्मचारी छन् । सो अवधिसम्म काम गरेकाले औसत वर्षिक २ लाखका हिसावले करिब ६० लाख रुपैयाँ थप सुविधा लिइसकेका छन् । साथै अवकाश भएका कर्मचारीले समेत यो रकम भुक्तानी गर्नुपर्ने हुन्छ ।

सो रकम अशुल गर्न भनेपछि कर्मचारी आक्रोशित भएका हुन् । 'अहिले भएभरको सम्पत्ति बेचेर पनि सो रकम अशुल हुने अवस्था छैन' ढुंगानाले भने ।

त्यस्तै मन्त्रालयको तेस्रो निर्णय छ- कुनै पनि आर्थिक दायित्व पर्ने निर्णय गर्नुपूर्व अनिवार्य रुपमा अर्थ मन्त्रालयको सहमति लिनुपर्ने । यो निर्णयले बोर्डको स्वायत्तता खोसिने कर्मचारीको दाबी छ । जेनजी प्रदर्शनपछि बनेको नयाँ सरकारले खर्चमा मितव्ययिता अपनाउने भन्दै विभिन्न निकायलाई यस्ता निर्देशन दिँदै आएको छ । 'अनावश्यक खर्च कटौती गर्दै सुशासन र पारदर्शितामा लैजानु यो सरकारको कर्तव्य हो, सो अनुरुप विभिन्न निकायलाई निर्देशन दिएका हौं' एक सचिवले भने ।

बोर्डका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा लगेर कोषबाटै कर्मचारीले पाउने सेवा सुविधा उपलब्ध गराउने मन्त्रालयको तयारी हो । सामाजिक सुरक्षा कोषमा कर्मचारीले पनि पैसा हाल्नुपर्छ । तर अहिलेका बोर्डका दुई कोषमा बोर्डको आम्दानीबाट सिधै हालिने गरेको छ । दुई कोष खारेज हुँदा खाइपाइ आएको ठूलो गुम्ने भएपछि कर्मचारीमा अहिले आक्रोश बढेको छ । बोर्डको स्थापना कालदेखि नै कर्मचारीलाई यो सुविधा उपलब्ध हुँदै आएको थियो ।

**नेप्सेमा बोनसको लफडा**

गत मंगलबार राति अध्यक्ष हेमन्त बस्याल र सीईओ चुडामणि चापागाईंलाई कक्षभित्र थुनेर कर्मचारी बाहिरिए । साँभभर कर्मचारी र सञ्चालक समितिका यी दुई सदस्यबीच वार्ता भएको थियो ।

वार्तामा कुरा नमिलेपछि आक्रोशमा रहेका कर्मचारीले कक्षभित्र थुनेका हुन् । प्रहरीले सो सुइँको पाएपछि अबेर राति नेप्सेमा गएर दुवैलाई घरसम्म पुर्‍याए । 'कक्षभित्र हामीलाई थुनियो, रातिको १२ बजेतिर प्रहरीले आएर उद्धार गर्‍यो' सीईओ चापागाईंले भने । वार्ता सहमतिमा नपुगेपछि कर्मचारीले बुधबार आन्दोलन घोषणा गरे । सो आन्दोलन अनुसार कालोपट्टि बाँधेर काम थालेका हुन् ।

नेप्से कर्मचारी संघले हाल अध्यक्ष बस्याल र चापागाईंको राजीनामालाई मुख्य मुद्दा बनाएको छ । बिचौलियाको आडमा दुवैले काम गरेको आरोप लगाउँदै संघले राजीनामा नै शर्तका रुपमा ठड्याएको छ । 'उहाँहरु बिचौलियाको हित गर्नका लागि नेप्सेमा छिर्नुभएको हो, सरकारी स्वामित्वको नेप्सेलाई सही रुपमा सञ्चालन गर्न राजीनामाको माग गरेका हौं' नेप्से कर्मचारी संघका अध्यक्ष नबराज थापाले भने । संघले राजीनामा माग गर्नुका पछाडि पनि कर्मचारीको बोनससँग सम्बन्धित छ ।

कर्मचारीले नेप्सेको वार्षिक नाफाबाट ५ प्रतिशत बोनस रकम दिन माग गरेका छन् । सरकारको स्वामित्वमा नाफा आर्जन गर्ने उद्देश्यले स्थापना भएका कम्पनीले प्रत्येक आर्थिक वर्षको खुद नाफाको ५ प्रतिशत बराबर रकम बोनसवापत छुट्याउन सकिने कर्मचारी बोनस ऐन तथा नियमावलीमा व्यवस्था छ । तर त्यसैअन्तर्गत अर्को बुँदामा एकाधिकार प्राप्त त्यस्ता प्रतिष्ठानले एक प्रतिशत रकम मात्रै बोनस छुट्याउन पाउने व्यवस्था गरिएको छ ।

*(स्रोतः अनलाइनखबर)*

# 'माइतीघर' बारे धीरज भन्छन् : मेरो पात्र कौतुहलता पैदा गर्ने खालको छ

काठमाडौं/आउँदो सोमबारदेखि प्रदर्शन तयारीमा रहेको फिल्म 'माइतीघर'को बुकिङ खुलिसकेको छ । यो फिल्मलाई लिएर दर्शकमा उत्साह पनि निकै देखिएको छ । फिल्मको गीत, ट्रेलरले दर्शकको साथ पाएपछि फूलपातीमा ओपनिङ पनि उत्साहजनक हुने अपेक्षा गर्न सकिन्छ ।

यो फिल्मका मुख्य अभिनेता हुन् धीरज मगर । पहिलो पटक मल्टिस्टारर फिल्ममा काम गरेका उनी उत्साहित छन् । यो फिल्मको स्क्रिप्ट उनले दुई वर्ष अगाडि नै हात पारेका थिए । स्क्रिप्ट पढ्ने वित्तिकै उनी फिल्म खेल्न राजी भएका थिए ।

धीरज भन्छन्, 'यो फिल्मले तामाङ संस्कृतिको सेरोफेरोमा रहेर जुन किसिमको कथा प्रस्तुत गरेको छ, त्यो मन परेर नै म यसमा जोडिएको हुँ । यसले, माइतीघर र चेलीको सम्बन्धलाई जुन शैलीमा देखाएको छ, त्यसले मलाई आकर्षित गरेको हो ।'

धीरजले अगाडि भने- 'मेरो पात्र पुरै नकारात्मक नभए पनि ग्रे सेडमा छ । यही पात्रको यात्रा नै मलाई मन परेको हो । ट्रेलरमा पनि भिन्न गेटअपमा मेरो पात्र देखिएको छ जस्तो लाग्छ । फिल्ममा कहिले प्रहरीको भेषमा त कहिले विदेशी लाहुरेको रुपमा मेरो पात्र प्रकट हुन्छ । यसले, दर्शकमा कौतुहलता र दुविधा दुवै सिर्जना गर्छ जस्तो मलाई लाग्छ ।'

फिल्मले पूर्ण रुपमा मनोरञ्जन दिने क्लाइमेक्सले दर्शकको मनमा विशेष स्थान बनाउने दाबी धीरजको छ । धीरजले, फिल्म हेर्दा दर्शक हाँस्दाहाँस्दै रुनेमा आफू ढुक्क रहेको सुनाए । पारिवारिक फिल्म भएकाले पनि दशैंमा दर्शकका लागि विशेष हुने उनको भनाई छ ।

रोहित अधिकारीको निर्माणमा मिलन तामाङको निर्देशन रहेको यो फिल्ममा धीरजको साथमा केदार प्रसाद घिमिरे, प्रकाश सपुत, उपासनासिंह ठकुरी, श्यामाश्री शेर्पा, युवराज लामा, वृद्धि तामाङ लगायतका कलाकारको अभिनय यो फिल्ममा छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# आन्दोलनको आँकलन गर्न नसक्नु सरकारको कमजोरी: मानवअधिकार आयोग

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ राष्ट्रिय मानवअधिकार आयोगले २३ र २४ भदौमा जेनजी आन्दोलन र त्यसपछि भएको प्रदर्शनमा तत्कालीन सरकारको कमजोरीका कारण ठूलो क्षति भएको निष्कर्ष निकालेको छ ।

आयोगले शुक्रबार संक्षिप्त प्रतिवेदन सार्वजनिक गर्दै यस्तो तथ्य सार्वजनिक गरेको हो । 'भ्रष्टाचारको अन्त्य र सुशासन स्थापनाका एजेण्डासहित भदौ २३ र २४ को जेनजी पुस्ताको प्रदर्शनका क्रममा भएको जनधनको क्षति र घटनापश्चात मानवअधिकारको अवस्थाका बारेमा राष्ट्रिय मानव अधिकार आयोगले देशभर निरन्तर अनुगमन गरिरहेको छ,' आयोगले भनेको छ, 'प्रदर्शनको पहिलो दिनको पूर्वान्हमा शान्तिपूर्ण प्रदर्शन भए पनि मध्यान्हपश्चात् आगजनीका घटना र प्रदर्शनकारीमाथि गोली प्रहारबाट केही प्रदर्शनकारीको मृत्यु भएर घटना हिंसामा परिणत भएको देखिएको छ । पहिलो दिनको प्रदर्शनमा सुरक्षाकर्मीको गोलीबाट प्रदर्शनकारीको मृत्यु भएका कारण दोस्रो दिन अन्धाधुन्ध आगजानी र तोडफोड भएको अनुगमनका क्रममा पाइएको छ ।'




आगजनीबाट महत्वपूर्ण सरकारी भवन, पार्टी कार्यालय, निजी घर, व्यावसायिक भवन, शैक्षिक संस्था, सञ्चारगृह र प्रहरी कार्यालयमा अत्याधिक क्षति पुगेको देखिएको आयोगले भनेको छ । आयोगले आगलागी र तोडफोडका क्रममा केही व्यक्तिको जलेर मृत्यु भएको, सरकारी अभिलेख जलेको, भौतिक सम्पत्तिमा क्षति पुगेको, सुरक्षाकर्मीका हातहतियार लुटिएको र कतिपय सामान चोरी र लुटपाट गरिएको उल्लेख गरेको छ ।

शैक्षिक संस्थाहरुमा क्षति पुग्दा बालबालिकाको पठनपाठनमा बाधा उत्पन्न हुनुका साथै बालमनोविज्ञानमा समेत असर परेको आयोगको प्रारम्भिक प्रतिवेदनमा भनिएको छ । 'घटना हुनुपूर्व घटना हुनसक्ने सम्भावित कारणको आँकलन गर्न नसक्नु सरकारको गम्भीर कमजोरी देखिएको छ । घटनापश्चात् सुरक्षाकर्मीको मनोबल कमजोर हुन जाँदा शान्तिसुरक्षामा थप चुनौती सिर्जना हुन सक्ने अवस्था सिर्जना भएको छ,' आयोगको प्रतिवेदनमा भनिएको छ, 'सुरक्षाकर्मीका भवन जलेर नष्ट भएको, प्रहरीका कतिपय भवन मर्मत/निर्माण गर्न समुदायले सहयोग गरेको भएपनि सबै कार्यालय पुनर्निर्माण हुन नसक्दा सुरक्षालगायत प्रहरीबाट प्रदान गरिने सेवाप्रवाहमा बाधा उत्पन्न हुन पुगको छ ।

कारागार तथा बाल सुधारगृहबाट बाहिर निस्केका बन्दीहरुको फिर्ती तथा कारागार व्यवस्थापनमा समेत गम्भीर समस्या देखिएको छ । सुरक्षाकर्मीको मनोबल उच्च बनाउँदै शान्तिसुरक्षाको अवस्थालाई मजबुत बनाउन, आगजनी र तोडफोड भएका सरकारी संरचनाहरुको पुनर्निर्माणमा विशेष ध्यान दिन, व्यक्तिका क्षति भएका निजी सम्पत्तिहरुको आँकलन गर्न आयोगले आग्रह गरेको छ ।

'यस प्रकारका हिंसात्मक घटना हुनुका कारणको पहिचान गर्दै भविष्यमा यस प्रकारका हिंसात्मक घटना पुन: दोहोरिन नदिने वातावरण बनाउन आयोग नेपाल सरकारलाई निर्देशन गर्दछ,' आयोगको विज्ञप्तिमा भनिएको छ, 'साथै, विकसित परिस्थितिमा सरकारले चाल्ने सुधारका कदममा सहयोग पुऱ्याउन आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।'

# घलान परिवारलाई आर्थिक तथा खाद्यान्न सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ सामाजिक अभियन्ता संगीता वाईबाको अगुवाइमा हेटौंडा-१४ निवासी बाबुलान घलान परिवारलाई आर्थिक तथा खाद्यान्न सहयोग गरिएको छ ।

शुक्रबार आयोजित कार्यक्रममा वाईबाले संकलित रकम र खाद्यान्न हस्तान्तरण गरेका हुन् । दुईदिने सामाजिक सञ्जाल अभियानमार्फत् ३२ हजार ५ सय ६५ रुपैयाँ संकलन भएको थियो । योमध्ये १४ हजार ५ सय रुपैयाँ बराबरको खाद्यान्न र १७ हजार ७ सय ६५ रुपैयाँ नगद घलान परिवारलाई प्रदान गरिएको हो । आर्थिक अवस्था कमजोर रहेका बाबुलान घलानको खुट्टा भाँचिएर रड हालिएको छ । उनकी पत्नी सानुमाया थिङ विगत दुई वर्षदेखि प्यारालाइसिसका कारण अपाङ्ग अवस्थामा छन् । उनको एक हात र खुट्टा काम नगर्ने अवस्थामा छ ।

परिवारमा एक छोरा पनि रहेका छन् । सहयोग कार्यक्रममा वाईबाले घलान परिवारलाई केही राहत पुग्ने विश्वास व्यक्त गर्दै आगामी दिनमा उपचार खर्चका लागि समेत सहयोग गर्ने प्रतिवद्धता जनाइन् । वाईबाले यसअघि पनि यस्तै अभियानमार्फत् विपन्न परिवारलाई सहयोग गर्दै आइरहेकी छिन् ।

सहयोग कार्यक्रम हेटौंडा-१४ भृकुटी माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजकुमार मोक्तान, उज्यालो टोल विकासका सचिव नवराज थिङ, तामाङ कलाकार संघ मकवानपुरकी उपाध्यक्ष माया घलानलगायतको रोहबरमा सम्पन्न भएको हो ।

# भन्सार छलिएका सामग्री मकवानपुरमा बरामद

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ मकवानपुर प्रहरीले बेवारिसे अवस्थामा अवैधरुपमा भन्सारछलीका साम्रगीहरु नियन्त्रणमा लिएको छ ।

इलाका प्रहरी कार्यालय मकवानपुरगढीबाट खटिएको गस्तीटोलीले मकवानपुरगढी गाउँपालिका-२ शिखर कटेरीस्थित कान्तिलोकपथ सडक खण्डमा बेवारिसे अवस्थामा अवैधरुपमा भन्सार छली गरी ल्याइएका मोवाइलमा प्रयोग हुने २० कार्टुन टेम्पर ग्लास बरामद गरेको हो । सामानको स्वामित्वबारे कुनै व्यक्तिले दाबी नगरेपछि प्रहरीले त्यसलाई नियन्त्रणमा लिएको हो । प्रहरीका अनुसार बरामद सामग्रीमा कालो रंगको टेम्पर ग्लास १ हजार ४ सय ८३ बक्स (प्रति बक्स २७० रुपैयाँ) गरी जम्मा ४ लाख ४ सय १०, सेतो रंगको टेम्पर ग्लास ३ सय १७ बक्स (प्रति बक्स १८० रुपैयाँ) गरी ५७ हजार ७० रुपैयाँको रहेको छ ।

त्यसैगरी, प्रहरीचौकी बसपार्क हेटौंडाबाट खटिएको अर्को टोलीले भन्सार राजश्व तिर्नुपर्ने लत्ताकपडा समेत नियन्त्रणमा लिएको जनाएको छ । सेन्डो ८ सय ९० पिस (प्रति पिस १०० रुपैयाँ) गरी ८९ हजार रहेको छ । यसरी बरामद गरिएका सामानको कुल बजार मूल्य ५ लाख ४६ हजार ४ सय ८० रुपैंयाँ रहेको प्रहरीले जनाएको छ । प्रहरीले दुवै स्थानबाट बरामद गरिएका सामग्रीलाई रितपूर्वक नियन्त्रणमा लिएर आवश्यक कारबाही तथा थप अनुसन्धानका लागि भन्सार कार्यालय वीरगञ्ज, पर्सा पठाइएको जनाएको छ । प्रहरीले भन्सार छलीका यस्ता गतिविधिले राजस्व चुहावट हुने भएकाले नियन्त्रणलाई कडाइका साथ अगाडि बढाइने बताएको छ ।

# आन्दोलनबाट क्षतिग्रस्त संरचना बनाउन पूर्वाधार पुनर्निर्माण कोष

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ सरकारले जेनजी आन्दोलनबाट क्षतिग्रस्त भौतिक संरचना निर्माण गर्न भौतिक पूर्वाधार पुनर्निर्माण कोष बनाएको छ ।

गत २०८२ भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको क्रममा भौतिक संरचनामा आगजनी र तोडफोड भई खर्बौंको क्षति भएपछि सरकारले कोष बनाएको हो । कोषमा नेपाल सरकार, प्रदेश सरकार एवं स्थानीय तह, निजी क्षेत्र, स्वदेशी तथा विदेशी नागरिक, गैरआवासीय नेपाली समुदाय, मित्र राष्ट्रहरु, विकास साझेदार तथा अन्तर्राष्ट्रिय संस्थाहरुले सहयोग गर्न सक्नेछन् । अर्थमन्त्री रामेश्वर खनालले पुनर्निर्माणका लागि सरकारलाई स्रोतको अभाव नरहेको बताए । उनले स्रोत अभाव नभएपनि विदेशमा भएका नेपालीले पुनर्निर्माणमा सहभागिता जनाउन चाहेकाले कोष बनाइएको बताए ।

सिंहदरबारमा भएको पत्रकार सम्मेलनमा अर्थमन्त्री खनालले भने, 'पुनर्निर्माण गर्नका लागि स्रोत पर्खेर बसेका छैनौं । तपाईहरुले पनि देख्न सक्नुहुन्छ, अर्थमन्त्रालय, भौतिक मन्त्रालय नै रंगरोगन गर्ने काम चलिरहेको छ । त्यस्तै, तुरुन्त बनाउनुपर्ने प्रहरी भवनको निर्माण अघि बढाउन हामीले भनेका छौं । सम्बन्धित मन्त्रालयले आफ्नै स्रोतबाट पनि भवन बनाउन सक्छन् भने नयाँ सरकारले भ्रष्टाचार अन्त्य गरोस् र पुनर्निर्माणमा हामी पनि सहभागी बन्छौं भनेर विदेशमा बसेका नेपालीले भनेकाले पुनर्निर्माण कोष बनाएका हौं । यही कोषबाट पनि पुनर्निर्माणमा रकम खर्चिनेछ ।'

निजीक्षेत्रसहित दातृ निकायले कोषमा आर्थिक सहायता गर्न सक्नेछन् । उनीहरुले गरेको सहायता रकम योगदानकर्ताको चालु आर्थिक वर्षको करयोग्य आय गणना गर्दा घटाउन/खर्च कट्टी गर्नसक्ने भौतिक पूर्वाधार मन्त्री कुलमान घिसिङले जानकारी दिए । उनका अनुसार भौतिक पूर्वाधार पुनर्निर्माण समिति बनाइएको छ । त्यसका लागि आदेश जारी भइसकेको छ र अर्थमन्त्री अध्यक्ष रहने गरी पाँच सदस्यीय समिति बनेको छ । समितिमा गृहमन्त्री र शहरी विकासमन्त्री पनि सदस्य रहनेछन् । समिति सदस्यमा मुख्यसचिव पनि रहने व्यवस्था आदेशमा छ । साथै समिति सदस्यसचिवका रुपमा सहरी विकास मन्त्रालयका सचिवले काम गर्नेछन् ।

घिसिङले भने-'समितिले जेनजी आन्दोलनबाट क्षति भएका भौतिक संरचना पुनर्निर्माण कार्यान्वयन कार्ययोजना निर्माण र स्वीकृत गर्नेछ । कोषबाट खर्च हुने रकमसहित कार्यक्रम स्वीकृत गर्ने तथा आन्दोलनबाट क्षति भएका भौतिक संरचना पुनर्निर्माणका लागि सम्बन्धित निकायको जिम्मेवारी तोक्ने काम समितिले गर्नेछ । कोषमा रकम जम्मा गर्न स्रोत पहिचान र परिचालन समेतको काम पनि समितिले गर्ने आदेशमा उल्लेख छ । कोषको रकमबाट सञ्चालित कार्यक्रमको नियमित अनुगमन र सुपरीवेक्षण गर्ने, गराउने तथा कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक नीतिगत निर्णय गर्ने काम समितिको तोकिएको छ ।'

# जिएस निकेतनमा सांस्कृतिक कार्यक्रमको आयोजना

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ हेटौंडा उपमहानगरपालिका-५ स्थित ज्ञानदीप शिक्षा निकेतनले नेपालीको महान् पर्व विजयादशमी, दीपावली, नेपाल संवत् तथा छठको अवसरमा विविध सांस्कृतिक कार्यक्रमको आयोजना गरेको छ ।

विद्यार्थीको प्रतिभा प्रस्फुटन र संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले हरेका वर्ष झैं यसवर्ष पनि कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा देउसीभैलो, गायन, नृत्य र उद्घोषण जस्ता विभिन्न विधामा विद्यार्थीबीच प्रतियोगिता सञ्चालन गरिएको हो । प्रतियोगितामा उत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थीलाई माघ १८ गते हुने अभिभावक दिवसको अवसरमा पुरस्कृत गरिने विद्यालयका सहायक प्रिन्सिपल दीपक गौतमले जानकारी दिए । प्रतियोगिताको निर्णायक मण्डलमा गायनतर्फ सागर तिमल्सिना र देवेन्द्र मरिक यादव, देउसीभैलोतर्फ सुमार्गी हुमागाईं र गोपाल खतिवडा, नृत्यतर्फ विजय




स्याङ्तान र कञ्चन तितुङ, तथा उद्घोषणतर्फ नीनकुमार मल्ल र नवीन मिश्र रहेका थिए ।

विद्यालयका प्रिन्सिपल ईश्वरप्रसाद लामिछानेको सभाध्यक्षतमा सम्पन्न कार्यक्रममा ज्ञानदीप बहुउद्देश्यीय सहकारी लिमिटेडका अध्यक्ष क्रिषिराम पोखरेलको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा विद्यालय व्यवस्थापन समिति अध्यक्ष रमिला सापकोटा, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायतको उपस्थिति थियो ।

# शिक्षामन्त्री पुनसमक्ष विद्यालय कर्मचारीले ज्ञापनपत्र बुझाए

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ नेपाल विद्यालय कर्मचारी परिषद्ले नवनियुक्त शिक्षामन्त्री महावीर पुनसमक्ष ध्यानाकर्षणपत्र पेश गरेका छन् । परिषदले मन्त्री पुनलाई केशरमहलस्थित मन्त्रालयमा भेटेर सामुदायिक विद्यालय कर्मचारीलाई दरबन्दीमा राख्नुपर्ने लगायत माग प्रस्तुत सहित ध्यानाकर्षणपत्र पेश गरेका हुन् ।

लामो समयदेखि थाँती रहेको समस्या र विगतमा सरकार सँग भएका सहमतिका आधारमा उचित सम्बोधनका लागि शिक्षामन्त्री समक्ष आग्रह गरेको जनाइएको छ । परिषद्का अध्यक्ष गंगाराम तिवारीका अनुसार शिक्षामन्त्री पुनले आफूलाई विद्यालय कर्मचारीका समस्या थाहा भएको र चाडपर्वपछि आपसमा बसेर के सम्बोधन गर्न सकिन्छ गरौंला भन्ने आवश्वासन दिनुभएको जानकारी दिए । मन्त्री पुनले वर्तमान सरकार निर्वाचन गराउने मुख्य दायित्वका साथ आएकाले धेरै अपेक्षा नगर्न पनि आग्रह गरेका थिए ।

परिषद्का बागमती प्रदेश कमिटीका अध्यक्ष रामशरण फुँयालले प्रत्येक सामुदायिक विद्यालयमा एक कम्प्युटर शिक्षकको दरबन्दी राख्न शिक्षामन्त्री पुनको हालैको निर्देशनलाई सकारात्मक मान्दै कम्प्युटरमा क्षमतावान लेखापाललाई नै यो दरबन्दीमा रुपान्तरण गर्न सकिने सुझाव मन्त्री पुनलाई दिइएको बताए । प्रदेश अध्यक्ष फुँयालले त्यति रकमले कसरी ती कर्मचारीले परिवार पाल्ने भन्ने विषयमा गम्भीर भएर सोच्न मन्त्रालयलाई ध्यानाकर्षण गराइएको बताए ।

सर्वोच्च अदालतको २०६७ माघ २३ को आदेशमा कर्मचारीको सेवा, शर्त, सुविधा उल्लेख गरी सर्भिस ल बनाइ कार्यान्वयन गर्न उल्लेख गरिए पनि हाल विद्यालयका लेखापालले मासिक १५ हजार रुपैयाँ र कार्यालय सहायकले १० हजार रुपैयाँ पाउँदै आएका छन् । संघीय संसदमा विचाराधीन रहेको विद्यालय शिक्षा विधेयकमा विद्यालय कर्मचारी लगायतका समस्या सम्बोधनको पहल गरिएको भएपनि प्रतिनिधिसभाको विघटन भएकाले अहिले कानुन बन्ने स्थिति छैन ।

**चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।**

☞ चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,
☞ सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
☞ सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
☞ आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं,
☞ सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
☞ सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
☞ मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,

*दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं !*

**थाहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
इन्द्रायणी चौर, मकवानपुर

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना